Email: dfopyuthan2075@gmail.com
Phone No. ९८५७८६६०६६

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, प्यूठान

## फायर फाइटर (वन डढेलो नियन्त्रक दस्ता) छनौट सम्बन्धी सूचना

२०८२/११/११

**(प्रथम पटक प्रकाशित मितिः २०८२/११/११)**

प्रस्तुत विषयमा रेड कार्यान्वयन केन्द्र, बबरमहल, काठमाडौंबाट तयार गरिएको वन डढेलो नियन्त्रण दस्ता परिचालन तथा वन डढेलो व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम तथा "समृद्धिका लागि वन परियोजना" अन्तर्गत यस कार्यालयको निर्णयानुसार वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य प्रभावकारी रूपमा सञ्चालन गर्न देहाय बमोजिम ५ (पाँच) जना फायर फाइटर (वन डढेलो नियन्त्रक दस्ता) करार सेवामा छनौट गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिएको छ।

**क. उम्मेदवारको योग्यता**

- १८ वर्ष पूरा भई ५० वर्ष ननाघेको हुनुपर्ने।
- सामान्य लेखपढ गर्न सक्ने।
- शारीरिक रूपमा तन्दुरुस्त भई वन डढेलो रोकथाम तथा नियन्त्रण कार्यमा संलग्न हुन सक्षम।

**ख. कार्य शर्तहरू**

- डिभिजन वन कार्यालयबाट सञ्चालन हुने वन डढेलो नियन्त्रण सम्बन्धी सचेतनामूलक कार्यक्रमहरूमा सक्रिय सहभागिता जनाउने।
- वन डढेलो नियन्त्रण सम्बन्धी पूर्वतयारीका सम्पूर्ण कार्यहरू सम्पन्न गर्ने।
- वन डढेलो नियन्त्रण कार्यमा कार्यालयका कर्मचारी तथा सुरक्षा निकायसँग समन्वय गरी खटिने।

**ग. सेवा तथा सुविधा**

- न्यूनतम मासिक पारिश्रमिक रु. १७,३००।-(अक्षरेपी सत्र हजार तीन सय मात्र)
- आवश्यक व्यक्तिगत सुरक्षा सामग्री (PPE) उपलब्ध गराइने।
- खाना, बसोबास तथा बन्दोबस्ती खर्च वापत मासिक रु. ५,०००।- (अक्षरेपी पाँच हजार मात्र)
- दुर्घटना बीमा सुविधा।
- अन्य तोकिएबमोजिमका सेवा सुविधा।

**घ. आवेदन तथा नियुक्ति सम्बन्धी व्यवस्था**

- आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरूः हस्तलिखित निवेदन, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभव खुल्ने कागजातहरू (भएमा)
- आवेदन पेस गर्ने स्थानः डिभिजन वन कार्यालय, प्यूठान, खलङ्गा, प्यूठान।
- आवेदन पेस गर्ने अन्तिम मितिः २०८२/११/२५ कार्यालय समयभित्र।
- छनौट प्रक्रियाः अन्तरवार्ता।

**ङ. ग्राह्यता (प्राथमिकता)**

देहायका अनुभव भएका उम्मेदवारलाई प्राथमिकता प्रदान गरिनेछः

- विगतमा फायर फाइटर (वन डढेलो नियन्त्रण दस्ता) को रूपमा कार्य गरेको।
- वन क्षेत्रमा काम गरेको अनुभव।
- भूतपूर्व सैनिक, सशस्त्र प्रहरी, नेपाल प्रहरी तथा निर्वाचन सुरक्षामा संलग्न भई कार्य गरेको।
- वन हेरालुको रूपमा कार्य गरेको अनुभव।

थप जानकारीका लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

डिभिजन वन कार्यालय, प्यूठान।